नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक ३६ २०७६ साल चैत २३ गते आइतवार (5 Apr. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिबाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा :** मजदुर तथा विपन्नलाई ... **पृष्ठ ५ मा :** मेशिन बोकेर आफ ... **पृष्ठ ४ मा :** भौतिक दूरी राखेर आ-आफ्नो ... **पृष्ठ ५ मा :** राजविराजमा लाग्ने ...

# निजामुद्दिनमा सहभागि भई फर्केकालाई नियन्त्रणमा लिई क्वारेन्टाइनमा पठाउँदै प्रहरी



**राजविराज**/भारतको नयाँ दिल्ली स्थित निजामुदिनमा आयोजित तबलिगी जमात मर्कजमा सहभागी भई लुकिछिपी प्रवेश गरेका सप्तरीका ४ दर्जन भन्दा बढीलाई विहिबार सम्म नियन्त्रणमा लिई क्वारेन्टाईन पठाइएको छ ।

जमातमा सहभागी भई चोर बाटो हुदै गृह जिल्ला सप्तरी फर्केकाहरु मध्ये बुधबार ४१ जना र विहिबार १७ जना गरी ५८ जनालाई खोजतलासका कममा घरबाटै नियन्त्रणमा लिई क्वारेन्टाईनमा पठाईएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

नियन्त्रणमा लिएका उनीहरुलाई राजविराजस्थित साई कृष्णा शिक्षण अस्पतालामा बनाइएको क्वारेन्नटाइन केन्द्रमा राखिएको छ ।

यसरी नियन्त्रणमा लिइएकोकाहरु मध्ये कंचनपर नगरपालिकाका २३ तिलाठी कोइलाडी गा.पा.का १२ राजविराज नगरपालिकाका ९ हनुमाननगर कंकालिनी न.पा.का ४ डाक्नेश्वरी नगरपालिकाका ४ बोदेबर्साइन नगरपालिका ६ र विष्णुपुर गाउँपालिकाका २ जना छन् ।

जसमध्ये अधिकांशलाई जिल्ला स्थित विभिन्न क्वारेन्टाईनमा तथा केहिलाई होम क्वारेन्टाईनमा राखिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले बताए । दिल्लीको निजामुदिन कार्यकममा सहभागी ९ जना भारतीयको मृत्यु भईसकेको तथा धेरैमा कोरोना रोगको संकमण देखिएको भारत सरकारले पुष्टि गरेपछि त्यहा सहभागी भई फर्केका नेपालीहरुको खोज तलास तिब्र पारिएको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले बताए ।

यता प्रहरीले नियन्त्रणमा लिई क्वारेन्टाइनमा पठाइएका मध्येका केहीले आफूहरु दिल्लीको धार्मिक कार्यक्रममा नगई भारत बिहार राज्यको अररियामा भएको इज्तिमामा सहभागि भई फर्केको दाबी गरेका छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले १५/२० जनाको लापरवाहीका कारण सयौंको ज्यान जोखिममा पारेको बताए । उनले भारतको दिल्लीमा आयोजना गरिएको धार्मिक कार्यक्रममा सहभागि भई फर्केकाहरुलाई मानविय संवेदना देखाउँदै तत्काल सम्पर्कमा आई क्वारेन्टाइनमा बस्ने आग्रह समेत गरेका छन् ।

दिल्लीस्थित मुस्लिम संस्था तबलिगि जमातको मुख्यालयमा रहेको निजामुद्दिनमा सहभागि अधिकांशमा कोरोना भाइरसको संक्रमण देखिएको तथा सो कार्यक्रममा नेपालका पनि १९ जना सहभागि भएको भारतीय संचारमाध्यमहरुले मंगलबार रातीदेखी नै प्राथमिकताका साथ समाचार प्रसारण गर्न थालेपछि प्रहरीले खोजतलास तिब्र बनाएको हो ।

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ .व.२०७७ मा 78/ १००(एक सय (दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस्।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

पटक-पटक साबुन पानीले हात धोऔं, बाहिर निस्कनु परेमा मास्कको प्रयोग गरौं, कसैसँग हात नमिलाऔं । कोरोनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

# मजदुर तथा विपन्नलाई किसान परिवारद्वारा राहत बितरण

**राजविराज**/सम्भावित कोरोना भाइरसको संक्रमणलाई ध्यानमा राखेर सरकारले गरेको लकडाउनको ११ औं दिन शुक्रबार राजविराजमा मजदुर तथा विपन्नहरुलाई एक किसान परिवारले राहत बितरण गरेका छन् ।

राजविराज ९ मलेठ निवासी जवाहर यादव उनका भाई हिरालाल यादव, निमत्री यादव र ननु यादवले चार सय मजदुर तथा विपन्न परिवारलाई ३ लाख ५० हजार मुल्य बराबरको खाद्यान्न तथा अन्य सामाग्रि बितरण गरेका हुन् ।

बेरोजगार मजदुर तथा विपन्न परिवार, आर्थिक अवस्था निकै कमजोर भएकालाई हातमुख जोर्ने समस्या नहोस् भन्ने उद्देश्यले अपाङ्ग, दलित, असाहय, बृद्धबृद्धा, एकल महिलालगायत विपन्न समुदायका ४ सय परिवारलाई प्रति परिवार १० केजी चामल, १ लि. खानेतेल, १ केजी दाल, १ केजि नुन, १ थान साबुन, एक प्याकेट भुजा लगायतका समाग्रि बितरण गरिएको राहत बितरणकर्ता जवाहर यादवले जानकारी दिएका छन् । त्यस्तै अनाथ र टुहुरा बालबालिकालाई लत्ताकपडा समेत बितरण गरिएको उनले बताए ।

स्थानीय कोशीलादेवीले राहत पाएपछि खुशी हुँदै लकडाउनका कारण बाहिर निस्किन नपाई बेरोजगार भई बस्दा हातमुख जोड्न समस्या भएको बेला खाद्यान्न उपलब्ध गराउने दाजुभाईलाई धन्यवाद दिएकी छिन् ।



त्यस्तै अर्की मजदुर शिलियादेवीले लकडाउन भएदेखी राम्ररी खान नपाएका र घरमा केही बचाएर राखेको खाद्यन्न पनि तिन दिनदेखी सकिएपछि अहिले पाएको खाद्यान्नले केही राहत मिलेको बताइन् ।

यता दैनिक ज्याला गरेर परिवार चलाउने मजदुर विपन्न समुदायलाई लकडाउनका कारण घरमै सीमित हुनुपर्दा हातमुख जोर्ने समस्या र भोकभोकै बस्ने बाध्यता रहेका बेला किसान परिवारका दाजुभाईले बाडेको राहतले त्यस्ता परिवारलाई धेरै राहत मिलेको छ ।

# घरमै कृतिम जलाशय निर्माण गरि उदाउँदो सूर्यलाई अर्घ दिइयो

**राजविराज**/सम्भावित कोरोना भाइरसको संक्रमणलाई ध्यानमा राख्दै मंगलबार ब्रतालुहरुले घरमै कृतिम जलाशय निर्माण गरि उदाउँदो सूर्यलाई अर्घ दिदै चैती छठ पर्व सम्पन्न गरेका छन ।

*बाँकी पाँच पृष्ठमा*




पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# मेशिन बोकेर आफै खटिए गाउँपालिका प्रमुख

**राजविराज**/कोरोना संकमण विश्वव्यापी फैलिरहेका बेला भारत सँग सिमा जोडिएको तिलाठी कोईलाडी गाउँपालिकामा उच्च सतकर्ता अपनाइएको छ ।

वडा-वडामा कोरोना भाईरस सम्बन्धी सचेतना कार्यकमलाई तिब्र बनाईएको गाउँपालिकाले आफनो गाउँमा कोरोना भाईरसको संकमण रोक्न केही दिन यता एन्टीभाईरस (किटनाशक औषधी) स्प्रे छर्किने कार्य समेत तिब्र बनाएका छन् ।



आफनै सकियतामा गाउँपालिका प्रमुख सतिश सिंह वडा-वडामा पुगेर एन्टीभाईरस स्प्रे छर्ने तथा लकडाउनको उलंघन नगरी घरमै बस्न गाउँबासीलाई आग्रह गर्दै हिडेका छन् । साथमा केही सफाइकर्मी लिएर लामखुट्टे मार्ने औषधी समेत बोकी टोल-टोलमा पुग्ने गरेका उनी सार्वजनिक स्थलमा देखिने फोहोर तत्कालै व्यवस्थापन पनि गराई रहेका छन् ।

‘छिमेकी मुलुक भारतमा समेत कोरोना भाईरसको संकमण बढेकाले र यो गाउँपालिका भारतीय सिमासँग जोडिएकाले जोखिम बढेको छ ।, गाउँपालिका प्रमुख सिंहले भने, त्यसैले उच्च सतर्कता अपनाएका छौं, यसले कोरोनाको जोखिमबाट जोगाउन धेरै मदत पुर्याउने विश्वास छ ।

गाउँपालिका विपद व्यवस्थापन अधिकृत राजेश झाले कोरोना भाईरसको जोखिमबाट बच्न किटनासक र लामखुट्टे मार्ने औषधी, सरसफाई, घरदैलो लगायतका कार्यकमका साथै कोरोना भाईरस सम्बन्धी प्रतिकार्य योजना तयार गरी गाउँपालिका अघि बढेको र हाल सम्म स्थानिय बासीन्दा कोरोनाको जोखिमबाट मुक्त रहेको उनको भनाई छ ।

# सेभ द सप्तरीद्वारा क्वारेन्टाइनलाई समाग्री हस्तान्तरण

**राजविराज**/सेभ द सप्तरीले सप्तरीले कोरोना भाइरस रोकथामका लागि जिलाको तीन वटा गाउँपालिकाकामा रहेको क्वारेन्टाइनलाई विभिन्न आवश्यक समाग्रीहरु वितरण गरेको छ ।

सप्तरीको राजविराजमा तिलाठी कोइलाडी गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र ईटहरी बिष्णुपुरलाई आवश्यक समाग्रीहरु बितरण गरिएको सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देवले जानकारी दिएका छन् ।

ती गाउँपालिकामा कोरोना भाइरसको रोकथाम गर्न राखिएको क्वारेन्टाइनलाई ब्यवस्थि गर्ने उदेश्यले मेटरी,ताना दास्ना, खोलसहित तकीया ,फिनेल,मुख धुने ब्रस र पेट लगायतका अति आवश्यक समाग्री बितरण गरिएको उनले बताए ।

सेभ द चिल्ड्रेनको सहयोगमा सेभ द सप्तरीले जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाका बिपद ब्यवस्थापक अधिकृत राजेश झालाई १५ थान मेटरी, २५ थान तन्ना, २५ थान खोलसहित तकिया, २५ थान गम्छा, २५ पिस मुख धुने ब्रस, २५ पिस पेस्ट, २५ पिस माक्स, एक काटुन २० पिस फिनेल, २० पिस हर्पिक्स प्रदान गरिएको सेभ द सप्तरीका स्वास्थ्य फिल्ड ओफिसर बिष्णुकान्त देवले जानकारी दिए ।



यस्तै बिष्णुपु गाउँपालिका र छिन्नमस्ता गाउँपालिकालाई समेत कोरोना भाइरसबाट जोगिनको लागि १५ पिस मेटरी, १५ पिस बेडसिट, १५ पिस खोलसहित तकिया, १५ पिस गम्छा, २५ पिस पेस्ट, ३/३ पिस बल्टी र हाथ धुनलाई १०० पिस डिटोल साबुन र १०० पिस माक्स दुवै गाउँपालिकालाई सहयोगको लागि हस्तान्तरण गरिएको फिल्ड अफिसर देवले बताए ।

सो बितरण समाहरोमा सेभ द सप्तरीका प्रोग्रमसुपर भाइजर मोनिका मिश्र, मनिता घिमेरै, बिद्या मण्डल सन्तोष यादव लगायतका उपस्थित रहेको थियो ।

यसैबिच कोरोना भाइरसका कारण सरकारले घोषणा गरेको लकडाउनमा समाजिक दुरी कार्य गरेर तरकारी खेति उत्पादन र बिक्रि बितरण गर्न सेभ द सप्तरीका कृषि प्राबिधिक राम कुमार साहले सबै कृषक समुहलाई आग्रह पनि गरे ।


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

“नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ताः जयनारायण मण्डल, अध्यक्ष
राजविराज नगरपालिका वडा नं. ८



NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

“नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

अनुरोधकर्ताः शम्भु प्रसाद यादव, अध्यक्ष
राजविराज नगरपालिका वडा नं. ९

# भौतिक दूरी राखेर आ-आफ्नो घरबाटै एकता शंखनाद गरौं



**डा.सीके राउत**

कोरोनाको संक्रमण अब नेपालमा पनि फैलिँदै गइरहेको छ । यसबाट बच्नका लागि सरकारको तयारी फितलो नै छ । चीन हाम्रो छिमेकी मुलुक भएकोले सुरुदेखि नै त्रासको वातावरण थियो । त्यो त्रासको वातावरणले गर्दा हामीलाई सचेत हुन मद्दत गऱ्यो । त्यसले गर्दा नै अहिलेसम्म हामी सुरक्षित छौं । सरकारले विस्तारै तयारी गर्न खोजेको त छ तर अझै पनि खासै तयारी देखिएको छैन । अझै पनि जुन मात्रामा परीक्षण हुनुपर्ने थियो, त्यो क्षमता पुगेकै छैन । प्रदेश २ को सरकारले पनि भर्खरै परीक्षणका लागि मेसिन जडान गरेको छ, त्यो पनि अहिलेसम्म मुश्किलले ८-१० जनालाई मात्र परीक्षण गर्न सकेको छ । यो एकदमै अपर्याप्त हो ।

निश्चितरुपमा अझ बढी संक्रमितहरु फेला पर्छन् । यहाँ वैदेशिक रोजगारी र भारतमा काम गर्न जानेको संख्या धेरै छन् । विदेशबाट फर्किएकाहरुमा संक्रमण बढी नै देखिएको छ । हाम्रो नेपालमा जाँच गर्ने त्यो खालको न त किट उपलब्ध छ र ल्याबमा जाँच गर्ने संख्या एकदम कम रहेको छ । त्यो आधारमा हामीले मान्छेहरुलाई ट्र्याप पनि गर्न सकेका छैनौं । अझै पनि स्थानीय तहले विदेशबाट फर्केकाहरुको तथ्यांक राख्न सकेको छैन । यो अवस्थामा हामीले अलि जोडतोडका साथ तयारी गरेर गम्भीररुपमा लाग्नुपर्ने आवश्यकता छ ।

कोरोना भाइरसको संक्रमण फैलिएको बेला मात्रै हैन, नेपालमा अन्य पनि प्राकृतिक आपतविपद् आउँदा सरकारको गति यही नै देखिने गरेको छ । कुनै प्राकृतिक विपद् वा महामारीसँग लड्ने राष्ट्रिय तयारी यस्तै गतिले भइरहेका छन् । तर, कोरोना जसरी विश्वव्यापीरुपमा फैलिँदै गएको छ, महामारीको रुप लिएर पूरै विश्वमा आतंक मच्चाउँदैछ, यसमा गम्भीर भएर सबै पक्ष मिलेर तयारी गर्नुपर्ने अवस्था हो । तैपनि विभिन्न पक्षबाट अझै पनि ढिलासुस्ती भइरहेको छ, यसमा सबैको ध्यान अविलम्ब पुग्नुपर्छ ।

अन्य देशहरुमा कोरोना भाइरस फैलिसक्दा पनि नेपालमा कुनै न कुनै कारणले त्यो किसिमको संक्रमण देखिएको छैन । यसका विभिन्न कारणहरु हुन सक्छन् । अन्य देशहरु जस्तै नेपालमा फैलिनसकेको कारणले पनि सरकारले ढिलासुस्ती गरिरहेको हुनसक्छ । तर समग्रमा हाम्रो आपतकालीन सक्रियता नै यस्तै रहेको छ । यो कुनै परिस्थितिवश नभएर कुनै कुरा छिटो गम्भीर नहुने नेपाल सरकारको काम गर्ने प्रवृत्ति नै यस्तै रहेको छ । यस्तो प्रवृत्ति हटाएर सरकार गम्भीर हुनुपर्छ र ठोस कदमहरु चाल्नुपर्ने आवश्यकता छ । यसमा सरकारले सबै पक्षसँग सहकार्य र समन्वय गरेर अगाडि बढ्नुपर्छ ।

हाम्रो छिमेकी राष्ट्र चीनको वुहान शहरबाट कोरोना फैलिँदा त्यहाँ रहेका नेपाली विद्यार्थी, कामदारहरु ट्र्याप भएपछि त्रासको माहौल बन्यो । त्यसले नेपालका जनतामा चेतना फैलाउने ठूलो काम गऱ्यो । त्यो त्रासले नै नेपाली समाज सकारात्मक भूमिका खेल्यो । त्यसले गर्दा नेपाली समाज समयमै सचेत भयो । हामीले पहिलो चरणमै सामाजिक दूरी अपनाउन थाल्यौं, सचेत हुन थाल्यौं । इटली, युरोप, अमेरिका लगायतका राष्ट्रमा नफैलिएको अवस्थामा पनि हामी सचेत भइसकेका थियौं । यसका वैज्ञानिक कारणहरु पनि रहेका छन् । बीसीजीका खोज लगाउने देशहरुमा यो संक्रमणले ठूलो रुप लिन सकिरहेको छैन भन्ने तथ्यहरु आइरहेका छन् । अर्को मूल कुरा, हाम्रो यहाँ राम्ररी जाँच नै भएको छैन । कम्तीमा दुई/चार हजार मान्छेमा जाँच नै नगरिकन कसरी भन्न सक्छौं कि नेपालमा संक्रमण फैलिएको छैन । हुन सक्छ अहिले नेपालमा संक्रमित देखिएकोभन्दा बढी केसहरु छन् कि । नेपालमा पनि मान्छेहरु मरिरहेका छन्, तर कोरोनाले मरेको हो कि होइन भनेर फरक छुट्याउन सकिएको छैन ।

नेपाल अझै ६ महिना लकडाउनमा जानुपर्ने अवस्थाका लागि तयारी गर्नुपर्छ । अहिले ठूलठूला राष्ट्रहरुको अवस्था हेर्नुस् कस्तो छ । शनिबार मात्रै अमेरिका जस्तो समृद्ध राष्ट्रमा एक दिनमै १३ सय जना कोरोनाका कारण मरेका छन् । इटली, स्पेन, युके लगायतका राष्ट्रहरुको अवस्था पनि त्यस्तै छ । समृद्ध राष्ट्रहरु जहाँका स्वास्थ्य प्रणाली एकदम राम्रो मानिन्छ, ती राष्ट्रहरुले सम्हाल्न सकिरहेको छैन भने हाम्रो देशमा फैलिन थाल्यो भने हामी कसरी लड्ने त भनेर हाम्रो पूर्वतयारी एकदम आवश्यक छ । यस्तो आपतको बेलामा हामी त्यस्तै पनि ढिलासुस्ती छौं, त्यसका तयारी हुनुपर्छ । हामीले सुन्दा ६ महिना बढी हो जस्तो लाग्छ तर बेलायतको सरकारले कम्तीमा ६ महिना लकडाउन गर्नुपर्छ भन्ने मानसिकता बनाइसकेको छ ।

लकडाउनको अलावा विकल्प पनि त छैन । कि त हामी सबै मर्न तयार हुनुपर्छ । होइन भने राहत सामग्री कसरी पुऱ्याउनका लागि हामी तयार हुनुपर्छ । हामीसँग एउटा मात्रै विकल्प छ कि लकडाउनलाई पूर्णरुपमा कार्यान्वयन गराउनका लागि अत्यावश्यक सामग्रीहरु पुऱ्याउनका लागि तत्पर हुनुपर्छ । विपन्न तथा ज्यालादारीहरुका लागि राहतको व्यवस्था गर्नैपर्छ ।

प्रदेश २ को स्वास्थ्यस्थिति एकदमै विकराल रहेको छ । प्रदेश २ सरकार गठन भएको दुई वर्ष बितिसकेको छ । यो अवधिमा प्रदेश सरकारले ठूलठूला सपनाहरु त बाँड्यो । अञ्चल अस्पताल प्रदेश अन्तर्गत पर्दछ, यसमा आफ्ना मान्छेहरु नियुक्ति काम त गऱ्यो । यो दुई वर्षमा प्रादेशिक अस्पतालमा खर्च गर्नुभन्दा मठमन्दिरमा ४१ करोड खर्च गऱ्यो, गाडी किन्नमा मात्रै ३५ करोड खर्च गऱ्यो । तर कुनै पनि अस्पतालमा सुधारका लागि पहल गरिएन । कोरोना भाइरसको जोखिम बढिरहँदा ६ वटै प्रदेशमा जाँच सुरु भइसक्दा पनि प्रदेश २ मा जाँचै सुरु भएको थिएन । सुरुमा त यहाँका मन्त्रीहरुमा भागमभाग मच्यो । प्रदेश सरकारको कुनै सम्बोधन छैन, जनताले के गर्ने भन्ने अन्योलमै रहे ।

प्रदेश सरकार गम्भीर पनि छैन, निरीह छ र अनुभव पनि देखिएन । प्रदेशका मन्त्रीहरुको दुई वर्षको काम गराइ हेर्दा पनि उद्घाटन गर्ने, सभा सम्मेलनमा भाग लिने, सरकारको साधनस्रोत र गाडी प्रयोग गर्दै आफ्नो पार्टीको संगठन बनाउँदै हिंडेका थिए । अहिले कोरोना आउँदा के गर्ने भनेर अनुभव पनि छैन, केही पनि तयारी गरेको थिएन, अहिले घरमा बसिरहेका छन् मन्त्रीहरु ।

बैशाख २ गते तराई मधेश क्षेत्रमा जुडशीतल वा सिरुवा पर्व मनाइन्छ । त्यो नयाँ वर्षको उत्साह हुन्छ, ठूलाबडाले गाउँभरि नै डुलेर आशिर्वाद दिन्छन् । आफन्तहरुलाई विभिन्न पकवानहरु पकाएर खाने चलन छ । यसपटक कोरोना महामारीका कारण सामाजिक दूरीले एक्लिएको अवस्थामा समाज अहिले रहेको छ । एक्लिएको समाजमा चरम निराशा छ । धर्म र विज्ञानप्रति पनि आस्था क्षीण भएको अवस्था छ । यस्तो निराशाजनक अवस्थामा हामीले कमसेकम एकअर्काको हौसला बढाउन सक्छौं । यो कोरोना विरुद्धको लडाइमा हामी सँगै छौं, कसैले हिम्मत नहारोस् भन्ने सन्देश दिनका लागि बैशाख २ गते ( जुड़शीतलरसिरुवा पर्वको दिन) विहान ७ बजे ७ मिनेटसम्म ताली, थाली, शंख, घंटी, सिटी, ढ़ोल, मादल वा आफूसँग जे छ, त्यो बजाएर 'एकता नाद' सफल पार्न आग्रह गरेको छु । कोभिड-१९ विरुद्ध अग्रपंक्तिमा संघर्षरत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, समाजसेवी सबैलाई धन्यवाद पनि ज्ञापन गरौं । एकअर्कासँग सुरक्षित भौतिक दूरी राखेर आ-आफ्नो घर, छत र बाल्कोनीबाटै एकता नाद गरौं । जनचेतना फैलाउन आफ्नो समुदायमा लाउडस्पीकर र एफएमबाट पनि उद्घघोष गरौं ।

हामीले प्रदेश सरकार र संघीय सरकारसँग पनि आशा राखेका थियौं कि यस्ता केही कार्यक्रमहरु घोषणा गर्नेछ । औषधि र खाद्यान्न वस्तुले मात्र पुग्दैन । हेर्नुस्, जनताले विभिन्न प्रताडनाबाट प्रताडित छन् । मान्छे अहिले डिप्रेशनबाट पनि जुधिरहेका छन् । त्यो आधारमा अहिले हामी विभिन्न आयाममा संघर्ष गरिरहेका छौं । यस्तो अवस्थामा एउटा अभिभावकको रुपमा राष्ट्रलाई सम्बोधन गरोस्, जनतालाई हिम्मत बढाउने काम गरोस् भनेर पर्खेर बसेका थियौं । कतैबाट नदेखिएपछि मात्रै हामीले दुई हप्तापछि यो कार्यक्रम घोषणा गर्न बाध्य भएका हौं । हाम्रो यो कार्यक्रममा शतप्रतिशत मान्छेले साथ देला भन्न सक्दैनौं तर हामीलाई आशा छ । यो कुनै पार्टी विशेषको कार्यक्रम होइन । यो विषम् परिस्थितिमा हामीले एकताको सन्देश दिन खोजेका छौं । (कुराकानीमा आधारित) ।)*( मधेश दर्पण फिचर सेवा)*












# राजविराजमा लाग्ने सबै हाट बजार बन्द



**राजविराज**/सम्भावित कोरोना भाइरसको संक्रमणलाई ध्यानमा राखेर गत शनिबारदेखी राजविराज नगरपालिकाले राजरंगशालामा संचालनमा ल्याएको हटिया बन्द गर्ने निर्णय गरेको छ ।

सोमबार नगरपालिकाको सम्पन्न बैठकले हाल रंगशालामा संचालित हटिया तथा वडाहरुमा समेत संचालित अन्य हाट बजार पनि बन्द गर्ने निर्णय गरेको हो ।

हाट बजार संचालन गर्ने नगरपालिका आफैले गरेको निर्णय तीन दिनमै फिर्ता लिन पुगेको हो । यता हाट बजार व्यवस्थित रुपले संचालन हुन नसक्दा तथा बिक्रि गर्ने व्यापारी तथा ग्राहक ग्राहकबीचको दुरी समेत व्यवस्थित हुन नसक्दा हाट बजार लगाउने निर्णय फिर्ता लिनु परेको नगरपालिका श्रोतले जनाएको छ ।

यस्तै नगरपालिकाले ढकीया, ठेला र साइकलको माध्यमले घर घर गई सुरक्षित माध्यमले दुरी बनाएर तरकारी बिक्रि गर्न प्रोत्साहन गर्ने निर्णय गरेको छ ।

स्थानिय प्रशासनले लकडाउनको अवधीमा बिहान ६ बजेदेखी ९ बजेसम्म सर्वसाधारणलाई अत्यावश्यक खाद्यान्न र तरकारी किन्न छुट दिएपछि उक्त हाट बजारमा सर्वसाधारणको अत्याधिक भिड लाग्ने गरेको थियो ।

जसकारण कोरोना संक्रमणको जोखिम बढ्ने भएकाले सतर्कताका लागि सो हाट बजार हालका लागि बन्द गर्ने निर्णय गरिएको नगरप्रमुख शम्भुप्रसाद यादवले बताए ।

यसैबीच लकडाउनको बेला नगरपालिकाले खाद्यान्नको आपुर्तीका लागि घर घरमा खाद्यान्न पु¥याउने व्यवस्था मिलाएको छ ।

# कोरोना भाईरस संक्रमण रोक्न नगरमा एन्टीभाईरस स्प्रे छर्किदै नगरपालिका

**राजविराज**/आफ्नो नगर क्षेत्रमा कोरोना भाईरसको संक्रमण रोक्न राजविराज नगरपालिकाले एन्टीभाईरस स्प्रे (किटनासक औषधी) छर्किने तथा सरसफाई कार्यलाई तिब्र बनाएको छ ।


बारुणयन्त्र मार्फत नगरको सवै वडामा एन्टीभाईरस स्प्रे छर्ने तथा सरसफाई कर्मी मार्फत सार्वजनिक स्थलको सरसफाई सुरु गरिएको छ । लकडाउनको अवस्थामा सर्व साधारण घरमै सिमित भएकाले एन्टीभाईरस स्प्रे छर्किन र सार्वजनिक स्थलको सर सफाई गरी फोहोर मैला व्यवस्थापन गर्ने कार्य सहज भएको नगर प्रमुख शम्भु प्रसाद यादवले बताए ।

यसले कोरोनाको संकमणबाट जोगाउन मदत पुर्याउने उनको विश्वास छ। यस कममा खटिएका कर्मचारी र सफाईकर्मीलाई आवश्यक पर्ने सुरक्षा सामग्री समेत उपलब्ध गराईएको उनले बताए ।

कोरोना भाईरसको त्रास सँगै केही दिन यता नगरमा लामखुट्टेको आतंक समेत बढेकाले नियन्त्रणका लागि गरिएको प्रयास सराहानिय रहेको स्थानिय बासी अमर नाथ मण्डलको भनाई छ ।

यता राजविराज नगर पालिकाकै सबभन्दा बढी जनसंख्या रहेको वडा नं. ९ मलेठमा पनि विभिन्न सचेतना मुलक कार्यक्रम सँगसँगै लकडाउनको सर्वाधिक मार मा परेका मजदुर र विपन्न समुदायका लागि विशेष आर्थिक सहयोग गर्ने कार्यक्रम ल्याउने तयार ी भईरहेको वडाध्यक्ष शम्भु यादव (लाली) ले बताए ।

उनले केही दिन यता विदेशबाट यहाँ आएकाहरुको पनि लगत संकलन कार्य सुरु गरिएको बताए । दैनिक मजदुरी गरेर जिविकोपार्जन गर्दै आएकाहरुलाई अहिले हातमुख जोड्न समस्या भईर हेको छ, उनले भने वडा कार्यालयबाट त्यस्ता गरिब असहाय र मजदुरहरुको लगत पनि संकलन गर्ने कार्य सुरु गरेको छ । १-२ दिनमै विशेष राहत प्याकेज उपलब्ध गराउने तयारी छ ।




## घरमै कृतिम ...

सूर्यको पूजा गरिने यस पर्वमा ब्रतालुहरुले घर आंगनमा तथा घरको छतमाथी अस्थायी जलाशय निर्माण गरि उदाउँदो सूर्यलाई अर्घ दिएका हुन् । यस्तै सोमबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिएका थिए ।

ब्रतालुहरुले यस पटकको चैती छठ पर्वको अवसरमा कुनै भिडभाड नगरि आफ्नै घरमा जलाशय निर्माण गरि सूर्यलाई अर्घ दिएका हुन् ।

तराई मधेशमा कार्तिक र चैत महिनामा छठ पर्व मनाइन्छ । कार्तिकको छठ पर्वलाई मुख्य छठ पर्व मान्ने चलन रहेपनि केही वर्षयता चैती छठ पर्व मान्नेको संख्या पनि बढ्दो छ । यस पर्वमा विशेष गरि राजविराजस्थित भगवती पोखरी, कल्टु पोखरी र तुरन्ती पोखरीमा चैती छठ पर्वमा ब्रतालु र दर्शानार्थीको भिड लाग्ने गरेको थियो । तर यस पल्ट ती सबै जलाशय सुनसान देखिए ।

पारिवारि सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पुरा हुने विश्वासका साथ तराई मधेशमा श्रद्धापूर्वक मनाइने सूर्य पूजाको यो पर्व यसपल्ट कोरोना भाइरसको त्रासका कारण निरस भएपनि कोरोना भाइरसमाथी बिजयी प्राप्त गर्दै अर्को वर्ष उत्साहका साथ मनाउने अधिकांश ब्रतालुहरुको भनाई थियो ।

## अन्तर्राष्ट्रिय समाचार

# कोरोनाभाइरस प्रकोपका समय जन्मिएका जुम्ल्याहाको नाम 'कोरोना' र 'कोभिड'

**भारत**/भारतको छत्तीसगढस्थित रायपुर शहरमा जन्मिएका नवजात जुम्ल्याहामध्ये नावालकको नाम 'कोरोना' र नावालिकाको नाम 'कोभिड' राखिएको छ ।

यी दुई शब्दले अरूको दिमागमा डर वा भय उत्पन्न गर्न सक्छ तर रायपुरका दम्पतीका लागि कठिनाइमाथि विजयको प्रतीक रहने छ । कोरोभाइरस सङ्क्रमणका कारण लागू भएको राष्ट्रव्यापी तालाबन्दीमा जन्मेका उनीहरू अस्पतालबाट घर फर्किसकेका छन् ।

उनीहरूका अभिभावक प्रीति वर्मा (आमा) र शुभ्र सिंह (बाबु) ले विश्वले भोगिरहेको अप्ठ्यारो समयमा जन्मिएका हुनाले त्यसलाई सम्झिरहन आफ्ना जुम्ल्याहा सन्तानको नाम त्यसरी राखेको बताएका छन् । जुम्ल्याहाकी आमाले कोरोनाभाइरस सङ्क्रमणको समयमा अस्पतालमा भर्ना भएपछि सङ्क्रमणको भयका कारण बच्चा जन्माउँदा र त्यसपछिका केही दिन निकै कठिनाइ भएको बताउनुभयो । उहाँले अस्पतालको कुशल व्यवस्थापनका कारण आफूहरू सुरक्षित घर फर्किएकोमा उहाँले रायपुरस्थित डा. बीआर अम्बेडकर मेमोरियल अस्पताल र आफ्नो सेवामा सम्लग्न स्वास्थ्यकर्मीको टोलीलाई धन्यवाद दिनुभयो ।

"हामीले धेरै चुनौती खेप्यौं, म र मेरा श्रीमान् यो दिनलाई विशेष बनाउन चाहन्थ्यौं ।" चैत १३ (मार्च २६)का दिन आफूलाई प्रसव व्यथा लागेको कोभिड र कोरोनाकी आमाले सञ्चारकर्मीसँगको कुराकानीमा बताउनुभयो । एक दिनपछि अर्थात् १४ (मार्च २६) गते जुम्ल्याहा जन्मिएका थिए ।

वर्माले भन्नुभयो, "लकडाउनका कारण सडकमा कुनै सवारी चलाउन अनुमति नहुने हुँदा हामीलाई प्रहरीले विभिन्न स्थानमा रोकेको थियो तर उनीहरू (सुरक्षकर्मी) ले मेरो अवस्था देखेपछि अवरोध गरेनन् । अस्पताल जान पाइयो । मध्यरात भएको कारण अस्पतालमा के हुने होला भनेर म सोचिरहेको थिएँ तर सौभाग्यवश चिकित्सकहरू र अन्य स्टाफहरू निकै सहयोग गर्नुभयो । हामी आज खुशी छौँ ।"

"यो भाइरस खतरनाक छ, तर यसकै कारण मानिसहरूले स्वास्थ्य र राम्रो आनीबानीमा ध्यान दिन जोड दिइरहेका छन् । त्यही भएर हामीले यी नाम छानेका हौं ।" अस्पतालका कर्मचारीलेहरूले ती जुम्ल्याहा जन्मिएलगत्तै कोरोना र कोभिड भनेर बोलाउन थालिएको र त्यसले उनीहरूका अभिभावकलाई उक्त निर्णय लिन सजिलो भएको जनाएका छन् । ती दम्पतीको स्थायी घर उत्तर प्रदेशमा रहेको भएपनि पछिल्ला केही वर्षदेखि छत्तिसगढ राज्यको राजधानीको पुरानो बस्ती क्षेत्रमा भाडाको घरमा बस्दै आएका छन् । एजेन्सी

# कोरोनाका कारण मृत्यु हुनेको स्मृतिमा चीनमा मौनधारण

**वेइजिङ**/चीनमा कोरोना भाइरसका कारण मृत्यु भएकाको सम्झनामा शनिवार विहान मौनधारण गरिएको छ ।

स्थानीय समयानुसार बिहान १० बजेदेखि तीन मिनेटसम्म मौनधारण गरिएको थियो । मौनधारण कार्यक्रममा राष्ट्रपति सि जिनफिङलगायतका विशिष्ट व्यक्ति पनि सहभागीता रहेको थियो ।

मौनधारणमा सहभागीले मृतकको सम्मान र सम्झना गरेको अधिकारीले जनाएका छन । मौनधारणका बेला सबै सवारी साधन जहाँको तहिँ रोकिएका थिए भने, राष्ट्रिय झण्डा झुकाइएको थियो ।

मौनधारण कार्यक्रम चीन बाहिर रहेका कुटनितिक निकायसमेतमा गरिएको थियो । यस कार्यक्रममा करौडौं व्यक्ति सहभागी रहेको समाचारमा जनाइएको छ ।

गत डिसेम्बर महिनाको अन्त्यबाट चीनको हुबे प्रान्तको उहान शहरबाट शुरु भएको कोरोना भाइरसको सङ्क्रमणबाट चीनमा तीन हजार ३२६ व्यक्तिको मृत्यु भइसकेको छ । यस  भाइरसको कारण अझै पनि ८१ हजारभन्दा बढी व्यक्ति अझै पनि सङ्क्रमित रहेका छन् ।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनमा १४ जना स्वास्थ्यकर्मीले पनि ज्यान गुमाएका छन् । श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउने नौलो सङ्क्रमण फैलिएको पत्ता लगाउने चिकिसक लि बेन्लियाङको पनि सोही सङ्क्रमणका कारण मृत्यु भएको थियो ।

चीनमा दिवङ्गत मान्छेको सम्झना गरिने चिन्मिङ पर्वको अवसर पारेर सरकारले मौनधारण कार्यक्रम तय गरेको बताइएको छ । एजेन्सी

# 'कोभिड-१९' बाट विश्वमा ५९ हजार २०३ को मृत्यु

**जेनेभा**/कोभिड-१९ नाम दिइएको प्राणघातक कोरोना भाइरस सङ्क्रमणबाट विश्वभरीमा ज्यान गुमाउनेको सङ्ख्या ५९ हजार २०३ पुगेको छ । पछिल्लो विवरणअनुसार संसारभरि ११ लाख १७ हजार ८२ जना कोरोना भाइरसबाट सङ्क्रमित भएका विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको छ ।

चीनको हुबे प्रान्तको उहान शहरबाट शुरु भएको कोभिड-१९लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ । सोही बमोजिम सतर्कता अपनाउन पनि विश्व स्वास्थ्य सङ्गठनले विश्वका सबै देशका नागरिकलाई आग्रह गर्दै आएको छ ।

कोरोनाभाइरस महामारी विश्वका लागि दोस्रो विश्वयुद्धपछिकै सबैभन्दा ठूलो चुनौती रहेको भन्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले सचेत गराउनु भएको छ । यस महामारीले ल्याउने मन्दीको तुलना पछिल्ला कुनै वर्षका नहुने पनि उहाँ बताउनु भएको छ । गरिबीको रेखामुनि दशौं लाख व्यक्ति रहने विश्व बैक प्रक्षेपण गरिसकेको छ । एजेन्सी

# राजविराज कारागारबाट पाँच कैदीबन्दी रिहा

**राजविराज**/क्षमता भन्दा तेब्बर कैदी बन्दी रहेको राजविराज कारागारमा कोरोना भाइरसको संक्रमण फैलिन नदिन एक वर्षभन्दा कम समयका कैद सजाय पाएका पाँच जना कैदी बन्दीलाई रिहा गरिएको छ। शुक्रबार चार र बुधबार एक गरि एक साता यता पाँच जना कैदी बन्दी रिहा गरिएको जेलर सत्यनारायण यादवले बताए।

एक सय २५ क्षमता रहेको कारागारमा अहिले पनि १६ महिलासहित ३ सय २९ कैदीबन्दी छन्। क्षमता भन्दा तेब्बर संख्यामा कैदीबन्दी कोचाकोच गरि राखिएपछि कोरोना भाइरसको संक्रमण फैलिन सक्ने सम्भावनालाई दृष्टिगत गरि सप्तरी जिल्ला अदालतको आदेश बमोजिम एक साता यता पाँच जनालाई रिहा गरिएको जेलर यादवले बताए।



एक वर्ष भन्दा कम समयका कैद सजाय पाएका कैदी बन्दीलाई भुक्तान गर्न बाँकी रहेको समय वापतको रकम तिराएर छाड्न अदालतले आदेश दिएको उनको भनाई छ।

कारागार भित्र संक्रमण फैलिए परिस्थिती नियन्त्रण बाहिर जाने भएकाले हाल कैदीबन्दीका आफन्त र अन्यलाई भेटघाटमा समेत पूर्णरोक लगाइएको कारागार प्रशासनले जनाएको छ।

# सचेतनाका लागि युवाहरु जुर्मुराए

**राजविराज**/एक धार्मिक संस्थामा आवद्ध युवाहरुले कोरोना सम्भावित संकमण फैलिन नदिने उद्देश्यले सचेतना सँगै घर-घरमै पुगेर मास्क वितरण गरेका छन्।



राजविराज ३ स्थित माँ बैष्णेकाली मन्दिर आवद्ध युवा समितिका पदाधिकारीहरुले विहिबार वडाका घर-घर पुगेर लकडाउनको उलंघन नगर्न तथा घरमै पनि उच्च शर्तकता अपनाउन अपिल गर्दै सो वडाका २ सय परिवारलाई दुई-दुई थानका दरले मास्क समेत वितरण गरेका छन्। युवा समितिका अध्यक्ष रंजित चौधरी, सचिव प्रमोद कुमार मण्डल लगायत आधा दर्जन पदाधिकारी सम्मिलत टोली चर्को घामका वावजुद दिनभर सचेतना मुलक घरदैलो कार्यकममा सहभागी रहे। कोरोनाबाट सतर्क रहन र घरमै पनि बस्दा अपनाउनु पर्ने आवश्यक उपाय बारे जानकारी दिन युवाहरुले गरेको प्रयास सराहनीय रहेको स्थानियको भनाई छ।


नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# औषधी छर्कन गएको नगरपालिकाको टिपर तोडफोड

## राजपाद्वारा सार्वजनिक सम्पत्ति तोडफोड गर्नेलाई कारवाहीको माँग

**राजविराज**/राजविराज नगरपालिकाले शनिबारदेखी नगरको विभिन्न स्थानमा लामखुट्टे बिरुद्धको औषधी छर्किने क्रममा सोमबार साँझ औषधी छर्किरहेको अवस्थामा नगरपालिकाको टिपरलाई तोडफोड गरिएको छ।

स.१ग.३३ नं को टिपरलाई राजविराज वडा नं. ९ स्थित मलेठमा तोडफोड गरिएको हो। स्थानियहरुले घर घरमा लामखुट्टे बिरुद्धको औषधी छर्किन माँग गर्दै टिपर तोडफोड गरिएको टिपर चालक बिजय देवले जानकारी दिएका छन्।

तोडफोडबाट टिपरको अगाडीको सिसा पूर्ण रुपले फुटेको छ। यता नगरपालिका प्रमुख शम्भु प्रसाद यादवले उछृश्रृखंल व्यक्तिहरुले गाडी तोडफोड गरिएको घटनाप्रति दुःख व्यक्त गर्दै नगरवासीकै हितका लागि नगरपालिकाले गरेको कामलाई वाधा पुऱ्याउनु खेदपूर्ण रहेको बताए।

यता प्रहरीले तोडफोडमा संलग्न व्यक्तिहरुको खोजतलास गरिरहेको जनाएको छ।

यसैबीच राष्ट्रिय जनता पार्टी नेपाल सप्तरीले किटनाशक औषधी छर्कने क्रममा सोमबार राजविराज ९ मलेठमा राजविराज नगरपालिकाको टिपर तोडफोड तथा पार्टीका यूवा नेतालाई ज्यान मार्ने हमलाका घटनाप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ।

राजपा सप्तरीका संयोजक हरेराम यादवद्वारा मंगलबार जारि विज्ञप्तिमा समाजवादी पार्टीका नेता भिमराज यादवका छोराहरु न्युटन यादव, विलियम यादव, भतिजा सरोज यादव (कारी), कपिलदेव यादव (ललित), गौतम बर्मालगायतकाले सार्वजनिक सम्पत्तिलाई तोडफोड गर्नुका साथै राजपाका यूवा नेता रामजी यादवसहित उनका सम्पूर्ण परिवारलाई घरमा छिरि गालिगलौज, अपहरण तथा ज्यान मार्ने हमला र धम्की दिएको घटनालाई गम्भिरतापूर्वक लिएको जनाइएको छ।

विज्ञप्तिमा विश्वव्यापी रुपमा कोरोना भाइरसको महामारीबाट पीडित रहेको मानव समाजलाई लकडाउनको सामना गर्न परिरहेको अवस्थामा हुल हुजत गरि सार्वजनिक सम्पत्ति तोडफोड, गालिगलौज, ज्यान मार्ने हमला र ज्यान मार्ने धम्की दिनेहरुलाई राज्यपक्षले छानबिन गरि कानुन अनुसार दोषिहरुमाथी अविलम्ब कारवाहीका लागि माँग गरिएको छ।


स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.– ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३



NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू


ज्वरो
(१००.४°F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"*

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने।


खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*